Regd. No.: 392/047/048

# महिला पुनर्स्थापना केन्द्र (ओरेक)
# Women's Rehabilitation Center (WOREC)

मति : २०७९/१२/०२
च .न. : २७८(०७९/८०

WOREC

**ध्यानाकर्षण पत्र**

## १४ बर्षीय किशोरीमाथि हानिकारक परम्परागत अभ्यासको आडमा भएको जघन्य अपराधको घटना प्रति ध्यानाकर्षण

मिती २०७९ फाल्गुण २० गते झारफुकको क्रममा १४ वर्षीय किशोरीको हत्या भएको घटना प्रति महिला पुनर्स्थापना केन्द्र (ओरेक) को गम्भीर ध्यानाकर्षण भएको छ । रुपन्देही जिल्ला सैनामैना नगरपालिका वडा नं १० स्थायी घर भएकी १४ वर्षीय किशोरीलाई ज्वरो आउने, भमिट हुने क्रम नरोकिए पछि २०७९ फाल्गुण १९ गते राती माता भनिने २२ वर्षीय सोनिया रेश्मीकोमा उपचारका लागि लगेका थिए । किशोरीको आमाका अनुसार उपचार गर्ने भन्दै माता भनिने सोनियाले किशोरीलाई पानीले छ्याप्ने र अक्षता हान्ने शरीरमाथि चढी घण्टी बजाउँदै गालामा थप्पड हान्ने, रुद्राक्षको मालाले शरीरको विभिन्न भागमा हान्ने, भुइँमा लडाउने, टाउको र घाँटीमा खुट्टाले टेक्ने, पटकपटक जगले नाकमुखमा पानी खन्याउने, कपालमा समाई टाउको बटारी दिने जस्ता निर्मम यातना दिएको पाइएको छ । यसरी दिएको यातना सहन नसकेर फाल्गुण २० गते राति १० बजे सोहि स्थलमा किशोरीको मुत्यु भएको थियो । किशोरीको मुत्यु भएपश्चात उनका मामाले आफन्तजनलाई बोलाइ कपिलवस्तु स्थित लक्ष्मणघाटमा लगी सोहि रातनै दाहसंस्कार गरेका थिए । हाल आरोपित माता भनिने सोनिया सहित उक्त अपराधमा संलग्न १७ जनालाई प्रहरीले पक्राउ गरेको र थप अनुसन्धानको प्रक्रिया अगाडी बढाएको पाइएको छ ।
महिला/किशोरी तथा बालिकाहरुमाथि हुने हिंसाको चरम रुपको यो एउटा प्रतिनिधिमूलक घटना मात्र हो । ओरेकले यही आर्थिक वर्ष २०७८ श्रावण देखि २०७९ असार सम्म कूल २८४ जना महिला/किशोरी तथा बालिकाहरुमाथि हानिकारक परम्परागत अभ्यासको आडमा विभिन्न स्वरुपमा हिंसा भएको पाएको छ । यी मध्ये २६ जनामाथि कथित बोक्सीको आरोपमा विभिन्न किसिमका हिंसा भएको पाइएको छ । नेपालको संविधान धारा ३८ (३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनी उल्लेख गरेको छ ।

अतिवादको नाममा महिला/किशोरी तथा बालिकाहरुले कहिलेसम्म यस्ता जघन्य प्रकृतिका हिंसा र अपराधको सामना गरिरहने ???? हाम्रो समाजमा रहेको कुरिती, कुसंस्कारको आधारमा किशोरी तथा महिलाको शरीरमाथिको नियन्त्रण र उनीहरुलाई हेर्ने हानिकारक सोँचका कारण महिला तथा किशोरीमाथि हिंसा भईरहेको छ । तसर्थ हिंसालाई न्यूनीकरण गर्नका लागि सरकारले तयार गरेका कानुनी दस्तावेज, संयन्त्र मात्र पर्याप्त हुँदैनन्, त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक छ भन्ने तथ्य यस घटनाले समेत पुष्टि गर्दछ । यसको लागि कानुन कार्यान्वयनको पक्षलाई बलियो बनाउन व्यक्तिको सोच र व्यवहारमा परिवर्तन आवश्यक छ ।

कुनैपनि किशोरीमाथि यस्ता किसिमका घटना हुनु मानव अधिकारको उल्लंघन हो । जसले किशोरी तथा महिलाको सुरक्षित, सम्मानित र स्वतन्त्रता पुर्वक बाँच्ने अधिकारको खण्डित गरेको छ । उक्त घटनाको सत्य, तथ्य छानविन गरी घटनामा संलग्न दोषीलाई कडा भन्दा कडा कारवाहीका लागि महिला मानव अधिकार रक्षक र सामुदायीक संस्थाहरु सहित हामी जोडदार माग गर्दछौं । आगामी दिनमा यस्ता प्रकृतिका घटना हुन नदिन, हानिकारक परम्परागत अभ्यासको आडमा हुने हिंसाजन्य जघन्य अपराधका घटनालाई निरुत्साहित गर्न माता, धामी, झाँक्री जस्ता कार्यमा संलग्न सबैको छानविन गरी आवश्यक्ता अनुसारको अनुगमन संयन्त्र यथाशिघ्र निर्माण गरियोस् भनी आव

**एकिवद्धताका साथ**

महिला मानव अधिकार रक्षक संजाल, दाङ्ग
चेतनशील महिला सामुदायिक संस्था, दाङ्ग
जनचेतना महिला सामुदायिक संस्था, दाङ्ग
प्रगतिशिल महिला सामुदायिक संस्था, दाङ्ग
अग्रनी महिला संजाल दाङ्ग
प्रदेश स्तरीय किशोरी समुह
सञ्चारिका समुह लुम्बिनी प्रदेश

WOREC

सुनिता मैनाली
कार्यक्रम संचालन ब्यबस्थपक (ओरेक)

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu , Nepal Tel: (977)-01-2123124; (977)-01-5006373; (977)-01-5006374 Fax: (977)-01-5006271 Email : ics@worecnepal.org URL : www.worecnepal.org